# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु (आ.व.२०७९/०८०, बैठक नं ६)

**मितिः २०७९/०९/१३ गते**

**प्रस्तावहरु:**

१. बिगतको कार्यपालिकाको निर्णय समीक्षा तथा खर्च अनुमोदन सम्बन्धमा
२. समपुरक र विशेष अनुदानका लागि योजना छनौट सम्बन्धमा
३. सार्वजनिक सुनुवाई कार्यक्रमको समीक्षा सम्बन्धमा
४. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको खर्च प्रस्ताव सम्बन्धमा
५. फोहरमैला सम्झौताको म्याद थप गर्ने सम्बन्धमा
६. वडाबाट संशोधन गर्नुपर्ने योजनाहरु पेश गर्ने सम्बन्धमा
७. नगरसभाको मिति तय गर्ने सम्बन्धमा
८. ढुङ्गा गिटी बालुवाको ठेक्का सम्बन्धमा
९. सिडा कोल्ड स्टोरको लागत अनुमान सम्बन्धमा
१०. सेवा करारमा रहेका कर्मचारीहरुको म्याद थप सम्बन्धमा (हाल पौष मसान्त सम्म रहेको)
११. जडभरत शालग्राम विद्यालयको लेखा कर्मचारी नियुक्तिको अनुमती सम्बन्धमा
१२. विविध

**निर्णयहरु**

१. बेनी नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो। नगरपालिकाबाट भएका खर्चहरु अनुमोदन गर्नुका साथै कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

२. राष्ट्रिय योजना आयोग बाट आगामी आ.व.२०८०/०८१ को लागि स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/ कार्यक्रमका लागि प्रस्ताव आह्वान गरिएकोमा तपसिल बमोजिम योजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**सङ्घीय समपुरक अनुदान तर्फका**

| सि नं | योजनाको नाम | कार्यान्वयन गरिने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | बेनी अर्थुङ्गे तोरीपानी पाखापानी सडक | बेनी ६,९ र १० | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| २ | बेनी हल्लेगौडा भकिम्ली सडक | बेनी २ र ३ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ३ | बेनी पुलाचौर भुतपानी सडक | बेनी ७,६ र ५ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ४ | बाङ्गेरा लम्लिहिल भकुण्डे सडक | बेनी २ र ३ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ५ | बेनी-छापा डाँडाखेत ठूलोखोला सडक निर्माण | बेनी ७,६ र ४ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ६ | गलेश्वर काउलेगौंडा पात्लेखेत ठूलोखोला सडक | बेनी ९ र १० | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ७ | अर्थुङ्गे पुत्लेढुङ्गा भिरमुनी सडक स्तरोन्नती | बेनी ६ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ८ | बेनी बजार वाहिरी रिङरोड निर्माण | बेनी ७ र ८ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ९ | बेनी बगरफाँट थामडाँडा बरंजा सडक | बेनी २,३ र ४ | प्राविधिक मूल्याङ्कन बमोजिम | |

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| १० | बेनी नगरपालिका रिङरोड निर्माण | बेनी नपा | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ११ | भसभसे-आनन्दवगर संरक्षण | बेनी २ | प्राविधिक मूल्याङ्कन बमोजिम | |

**<u>सङ्घीय विशेष अनुदान तर्फ</u>**

| सि नं | योजनाको नाम | कार्यान्वयन गरिने स्थान | अनुमानित लागत | कैफियत |
|---|---|---|---|---|
| १ | खवरा खानेपानी योजना | बेनपा २ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| २ | पूरुन्डे पुलाडाँडा खानेपानी योजना | बेनी ५ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ३ | चिनाखेत डाडाँबारी खानेपानी योजना | बेनी ३ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ४ | तातोपानी बजार तथा कुण्ड संरक्षण | बेनी ४ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ५ | अस्पताल चोक-खरिनी-जामुनाखर्क पहिरो नियन्त्रण, सडक स्तरोन्नती तथा नाली निर्माण | बेनी ६, ८ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ६ | कुरिलाखर्क मंगलाघाट संरक्षण योजना | बेनी ७ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ७ | डाँडाखेत खानेपानी योजना | बेनी ४ | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ८ | फोहरमैला व्यवस्थापन केन्द्र निर्माण | बेनपा | प्राविधिक मूल्याङ्कन बमोजिम | |
| ९ | डडुवा शहरी स्वास्थ्य केन्द्र निर्माण | बेनी ५ | प्राविधिक मूल्याङ्कन बमोजिम | |

३. बेनी नगरपालिकाको मिति २०७९ पौष ४ गते बेनी नगरपालिका वडा नं ४, तातोपानी बजारमा भएको सार्वजनिक सुनुवाई कार्यक्रमको समिक्षा गरियो। सार्वजनिक सुनुवाई कार्यक्रममा जिल्ला स्तरीय विषयगत कार्यालय र कार्यान्वयन भएको वडा बाहेकका वडावासीहरुको पर्याप्त उपस्थिति गराउन नसकिएकोले आगामी सार्वजनिक सुनुवाईमा बृहत उपस्थित गराउने सुझाव मनन गर्ने निर्णय गरियो ।

४. यस आ.व. को योजना तथा कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्नका लागि शिक्षा शाखाबाट गरिएको खर्च प्रस्ताव सहितको प्रस्तावना स्वीकृत गर्ने निर्णय गरियो ।

५. बेनी नगरपालिका र मातहतका विभिन्न वडाहरुबाट फोहरमैला संकलन तथा प्रशोधन गर्ने कार्यका लागि छनौट गरिएको संस्था मिशन फर वेष्ट म्यानेजमेन्ट सँग गरिएको सम्झौता यही पौष मसान्तपछि समाप्त हुने भएको हुँदा निजसँग गरिएको सम्झौताको म्याद २०८० असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

६. वडा स्तरका आ.व.२०७९/०८० मा बिनियोजित योजना तथा कार्यक्रमहरु कार्यान्वयन जटिलताका कारण संशोधन आवश्यक भएमा संशोधन हुने योजना र उच्चतम प्राथमिकतामा रहेका रु १० लाखको वढीमा थप २ वटा योजना वडा समितिवाट निर्णय गरी नगरकार्यपालिका मार्फत नगरसभामा पेश गर्न मिति २०७९ पौष २० गतेसम्म पेश गर्ने निर्णय गरियो ।

७. बेनी नगरपालिकाको नगरसभाको हिउँदे अधिवेशन आगामी मिति २०७९ पौष २९ गते गर्ने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

८. बेनी नगरपालिकाबाट मिति २०७९/०८/०१ गते प्रकाशित ढुङ्गा गिटी बालुवा उत्खनन् तथा संकलन सम्बन्धी बोलपत्र आह्वानको सूचनामा कुनै पनि बोलपत्रदाताको बोलपत्र पेश नभएकाले बेनी नगरपालिकाको आन्तरिक आयको अवस्था समेतलाई मध्यनजर गरी देहाय बमोजिमका विभिन्न ५ वटा प्याकेज बनाई पुन: १५(पन्ध्र) दिनको बोलपत्र सूचना प्रकाशित गरी बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

| प्याकेज नं | बगरको विवरण | उत्खनन् हुने अधिकतम परिमाण(क्यू.फि) | न्यूनतम रकम (कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | अग्निखेत बगर | ७२०१४ | ५०४०९८ | |
| २ | डम्बरा बगर | १७१४६१ | १२००२२७ | |
| ३ | जोगिगाडे र चुत्रेनी तल्लो/माथिल्लो बगर | १८०२४२ | १२६१६९४ | |
| ४ | दुधेखोला कोप्रे र घुमाउने ताल बगर | ४०८९८ | २८६२८६ | |
| ५ | बगुवा खोला र सजेनी बगर | ३०७६१४ | २१५३२९८ | |

९. आ.व. २०७९/०८० को योजना तथा कार्यक्रम अन्तर्गत बेनी न.पा. ४ मा सिङ्गा कोल्ड स्टोर्स निर्माणका लागि चिस्यान प्रविधी र विद्युतीय आइटमहरुको जिल्ला दररेट उल्लेख नभएकोले सोको लागत अनुमान तयार गर्न समस्या भएको साथै सो को दर विश्लेषण गर्न सक्ने दक्ष जनशक्तिको न्यून उपलब्धता रहेको अवस्था समेतलाई मध्यनजर गरी यस कार्यालयको अनुरोध पत्र बमोजिम ने.ई.का.दर्ता नं ३६९० का मेकानिकल ई. अजय गौतमले कोटेसन तथा दर विश्लेषण मार्फत तयार गरी पेश गरेको निम्न लिखित आइटमहरुको लागत अनुमान स्वीकृत गरी सोही बमोजिमको दररेट कायम गरी खरिद प्रकृया अघि बढाउने निर्णय गरियो ।

| सि नं | विवरण | परिमाण | दररेट |
|---|---|---|---|
| १ | Detail Estimate of HVAC system for Cold Store Items | 1 | 17,88,790/- |
| २ | Detail Electrical Estimate of Cold Store items and Buildings | 1 | 26,78,728.48/- |

१०. बेनी नगरपालिका र मातहतका कार्यालयहरुमा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको सेवा करारको म्यादलाई २०८० आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

११. नगर शिक्षा समितिको मिति २०७९ साउन १३ गतेको निर्णयानुसार जडभरत शालग्राम माध्यमिक विद्यालयमा लेखा कर्मचारी १(एक) नियुक्तिका लागि पेश गरिएको प्रस्ताव स्वीकृत गरी विद्यालयलाई एकजना लेखा कर्मचारी नियुक्तिका लागि आवश्यक कार्य गर्न सिफारिश गर्ने निर्णय गरियो ।

१२. बेनी नगरपालिकाको एक मात्र नमुना विद्यालय जामुनाखर्क मा.वि.ले प्राविधिक धारमा विद्यालय सञ्चालन गर्न माग गरेकाले उक्त विद्यालयलाई पशु/कृषि/सिभिल मध्ये कुनै एक विषयमा प्राविधिक शिक्षा सञ्चालन गर्न अनुमति दिने विषयमा सिटिइभिटीमा सिफारिश गर्ने निर्णय गरियो ।

१३. श्री कृष्णगण्डकी ज्येष्ठ नागरिक सेवा केन्द्रले ज्येष्ठ नागरिक दिवस मनाउने प्रयोजनका लागि पेश गरेको प्रस्तावना अनुसार नगरपालिकाको तर्फबाट रु ५० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

सुरत के.सी.
नगर प्रमुख

१४. सार्वजनिक बक्यौता तथा भाडा दर निर्धारण समितिको मिति २०७९ साल पौष १२ गतेको बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१५. बेनी नगरपालिका वडा नं ३ भकिम्ली निवासी अपाङ्ग चन्द्रकली बि.क. को दयनीय आर्थिक अवस्था हेरी निजलाई अन्य संस्था सहायता शीर्षकबाट खर्च गर्ने गरी रु ५० हजार रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

१६. बेनी नगरपालिकाका विभिन्न कृषकहरुले गरिरहेको बंगुरहरुमा अफ्रिकन स्वाइन फिवर नामक रोग लागि धैरै बंगुरहरुको मृत्यु भएको कारण अधिकांश बंगुर पालक कृषकहरुले सहयोगका लागि नगरपालिकामा अनुरोध गरेकाले बेनी नगरपालिकाको एघारौं नगरसभाबाट आर्थिक विकास समिति तर्फबाट "पशुपंक्षी सम्बन्धी तालिम मागमा आधारित" शीर्षकमा विनियोजित रकम रु ३ लाख मध्ये औषधि खरिदका लागि रु १ लाख र बंगुर मरेका कृषकहरुलाई उक्त शव व्यवस्थापन गर्ने प्रयोजनका लागि रु ५० हजार खर्च गर्ने निर्णय गरियो ।

१७. बेनी नगरपालिका वडा नं ६ स्थित जामुनाखर्क मा.वि. ले खाट खरिदका लागि सहयोग माग गरी आएकोले मेयरसँग सामाजिक कार्यक्रम शीर्षक बाट खर्च गर्ने गरी रु १ लाख ५० हजार रुपैयाँ सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१८. झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रमको सहयोग र मिलन म्याग्दीको समन्वयमा बेनी नगरपालिका वडा नं ७ मा निर्माणका लागि प्रस्तावित मंगलाघाट देउराली झोलुङ्गे पुल निर्माणको लागि आवश्यक कार्य अघि बढाउन मिलन म्याग्दीलाई कार्यदिश दिने निर्णय गरियो ।

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

सुरत के.सी.
नगर प्रमुख